नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

मितिः २०८१।०५।३१

श्री सम्पूर्ण बीमा कम्पनीहरु ।

श्री सम्पूर्ण लघु बीमा कम्पनीहरु ।

विषयः **बीमा साक्षरता रुपरेखा सम्बन्धमा ।**

महोदय,

बीमा विकास तथा प्रवर्द्धनका लागि अपरिहार्य रहेको बीमा साक्षरता अभियान प्राधिकरण तथा बीमक दुबैको समान जिम्मेवारी रहेको हुँदा यस कार्यलाई मार्गदर्शन गरी एकरुपता प्रदान गर्ने सोचले '**बीमा साक्षरता रुपरेखा**' को मस्यौदा यसैसाथ संलग्न गरिएको छ ।

तँहा बाट यस रुपरेखामा सम्बन्धमा आवश्यक राय/ सुझाव तथा संलग्न गर्नुपर्ने विषय समावेश गरी मिति २०८१। ०६।३० गते भित्र लिखित राय/सुझाव बीमा प्रवर्द्धन शाखाको ईमेलः insurance.promotion@nia.gov.np मा पेश गर्नुहुन निर्णयानुसार अनुरोध गरिन्छ ।

(कुन्दन सापकोटा)
उप निर्देशक

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

# बीमा साक्षरता रुपरेखा २०८१

# (Insurance Literacy Framework 2024)

## पृष्ठभुमि

बीमा साक्षरता र बीमा समावेशिकरण विश्वभरका विभिन्न अध्ययनबाट आर्थिक वृद्धि र गरिबी न्युनीकरणमा सहायताको रूपमा प्रमाणित भएको छ। बीमा साक्षरतालाई बीमा समावेशिकरणको एक अभिन्न अंगको रुपमा लिइन्छ। नेपाल सरकारले आफ्ना विभिन्न नीति तथा कार्यक्रम योजनामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा बीमाका विषयहरुलाई सम्बोधन गरेको छ। नेपाली बीमा क्षेत्रलाई अन्तराष्ट्रिय मापदण्ड अनुरुप बनाउन दुर्गम ग्रामिण लगायत सबै वर्ग क्षेत्र र तहसम्म बीमाको पहुँच पुर्याउन अत्यन्तै जरुरी रहेको छ। बीमा ऐन २०७९ को दफा ५ मा प्राधिकरणको काम कर्तव्य र अधिकार अन्तर्गत बीमा शिक्षाको प्रवर्द्धन सम्बन्धमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,बीमाको पहुँच सबै जनतासम्म पुर्याउन बिमा व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, बीमा पहुँच न्यून आय भएका वर्गका जनतासम्म पुर्याउन लघुबीमा व्यवसाय प्रवर्द्धन गर्ने लगायतका व्यवस्था रहेको छ। दोश्रो रणनीति योजना (2023-27) मा बीमामा कम साक्षरता रहेको साथै बीमाको पहुँच र समावेशिकरण बढाउन स्थानीय तह , विद्यालय, कलेज र अन्य क्षेत्रमा बीमा साक्षरता कार्यक्रम विकास गर्ने, बीमा साक्षरताको कमीका कारण अधिकांश मानिस बीमा सुविधा बारेमा अनभिज्ञ रहेका, सामाजिक सञ्जाल तथा पत्रपत्रिका मार्फत बीमा साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्ने, अनौपचारिक क्षेत्रका श्रमिक (महिला र जोखिममा रहेका समूह) बीमा साक्षरता तथा सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ।

## अवधारणा

### १. बीमा साक्षरता

बीमा साक्षरतालाई व्यक्तिले बीमा बाट प्राप्त गर्न सकिने लाभलाई आफ्नो हित अनुकुल र प्रभावकारी रुपमा प्रयोग गर्न हासिल गर्ने ज्ञान र सीपको रुपमा लिइन्छ। यसले समग्र बीमा क्षेत्रमा विश्वासको अभिवृद्धिसँगै मानिसको सहभागिता समेत वृद्धि गर्न मद्दत गर्दछ साथै बीमाको महत्व बुझ्न र सो को प्रभावकारी उपयोग गर्न शिक्षा प्रदान गर्छ। नेपालको सन्दर्भमा सबै मानिसलाई बीमा साक्षरता आवश्यक रहेको देखिएको छ। बीमा साक्षरता बीमा स्थायित्वको आधारशिला हो। बीमा प्रति विश्वास कायम राख्न र बढीभन्दा बढी आर्थिक गतिविधिलाई बीमामा समावेश गर्न यसको महत्व रहन्छ। बीमा चेतना अभिवृद्धि गर्ने उदेश्यले नेपाल बीमा प्राधिकरणले विगतदेखि नै बीमा साक्षरता कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। बीमा साक्षरता अभियानमा नेपल बीमा प्राधिकरणको साथै इजाजतपत्रप्राप्त बीमकको समेत भुमिका वृद्धि गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी नेपाल बीमा प्राधिकरणले बीमा साक्षरता अभिवृद्धि गर्न विभिन्न निर्देशनहरु जारी गर्दै आएको छ। यद्यपि बीमा साक्षरतालाइ अझ बढाइ बीमाको दायरा विस्तार गर्न वाञ्छनीय रहेकोले नेपाल बीमा प्राधिकरणले Insurance literacy framework 2024 जारी गरेको छ।

**बीमा साक्षरता**: बीमा ज्ञान + बीमा सिप + बीमा मनोवृत्ती+ बीमा व्यवहार

### क. बीमा ज्ञान

बीमा ज्ञानले बीमा सम्बन्धि विविध कार्यको बुझाईलाई जनाउछ। जसअन्तर्गत बीमाका प्रकार, बीमालेखका किसिम, बीमा प्रिमियम, दाबी प्रकृया र सोको भुक्तानी प्रकृया आदि पर्दछन। बीमा विषयमा जानकारी, सुचना, सचेतना, पहिचान र अवधारणाको समुच्च रुप नै बीमा ज्ञान हो। तर बीमा ज्ञान के कति कसका लागि र के का लागि भन्ने प्रश्न महत्वपूर्ण रहने गर्छ।

### ख. बीमा सिप

बीमा सम्बन्धि ज्ञानलाइ व्यवहारमा उतार्ने कलालाई बीमा सिप भनिन्छ। बीमा सिपलाई बीमा साक्षरताको अभिन्न अंगको रुपमा लिइन्छ। वित्तीय दक्षता, निर्णय क्षमता वित्तीय गणना वा अङ्कगणितिय ज्ञान र सीपका साथै बीमा योजना निर्माण गर्न सक्ने खुबिको समुच्च रुप नै बीमा सीप वा कौशल हो। बीमा कौशल अन्तर्गत कसरी मानिसले आफ्ना सीमित आर्थिक स्रोतको उपयोग गर्ने सीप सिक्छ र त्यसको उपयोग गर्ने सीप सिक्छ र त्यसको उपयोग गर्दछ भन्ने कुराहरु पर्दछन।

### ग. बीमा मनोवृत्ति

समय र अन्य स्रोतहरु बीमा व्वयवसायमा लगानी गर्न व्यक्तिको इच्छा र तत्परतालाई बीमा मनोवृत्ति भनिन्छ। यसले बीमा सम्बन्धमा व्यक्तिको ज्ञान र कौशलको मुल्याङ्कन गर्न मद्दत गर्दछ। बीमा ज्ञान र सीपले सकारात्मक वित्तीय मनोवृत्ति विकास गर्न योगदान पुर्याउछ।

### घ. बीमा व्यवहार

बीमा व्यवहारलाई दैनिक जीवनको वित्तीय गतिविधिहरुमा वित्तीय ज्ञान सीप र मनोवृत्तिको वास्तविक प्रयोगको रूपमा लिइन्छ। एक सचेत बीमा व्यवहारले बीमाका विषयमा उपयुक्त निर्णय लिने गर्छ।

## २. बीमा साक्षरता कार्यक्रम

प्राधिकरण र बीमकबाट वित्तीय साक्षरता अभिवृद्धिको लागि विभिन्न प्रकारका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ। बीमा ज्ञानको अभाव भएका व्यक्तिलाई औपचारिक बीमा प्रणालीमा समेट्नुका साथै सामान्य बीमा जानकारी भएका व्यक्तिलाई नयाँ बीमा अवधारणको जानकारी गराउदैँ बीमा प्रणाली प्रति अभ्यस्त बनाई धैरे भन्दा धैरे नागरिकमा बीमाको पहुँच पुर्याउने अभिप्रायले बीमा सचेतना कार्यक्रम सञ्चलन गर्नुपर्नेछ।

बीमा पहुँच बढाउनका लागि बीमा साक्षरता आजको आवश्यकता हो। नेपालमा हाल बीमा प्राधिकरण, बीमक लगायतबाट वित्तीय साक्षरता कार्यक्रम सञ्चालन भइरहेका छन। यो रुपरेखाले नेपालमा बीमा साक्षरताको प्रयासलाई संस्थागत गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। यस ढाँचाका आधारमा बीमा साक्षरताका लागि नेपाल बीमा प्राधिकरणको सोच, लक्ष्य र उद्देश्य समावेश गरी विविध क्रियाकलापलाई आधार प्रदान गर्दै सञ्चालन निर्देशिका, तालिम पुस्तिका र अनुगमन तथा मूल्याङ्कन विधिहरू निर्माण गरिनेछ।

### सोच

जोखिमबाट सुरक्षा र बजार स्थिरता सुनिश्चित गर्दै प्रभावकारी बीमा निर्णयहरू गर्न आवश्यक ज्ञान, सीप, मनोवृत्ति र व्यवहारका साथ व्यक्तिहरूलाई आत्मप्रेरित गर्नुका साथै बीमा क्षेत्रका माध्यमद्वारा सचेत र सशक्त नेपाल निर्माण गर्नु।

## लक्ष्य

नेपाली बीमा क्षेत्रलाई अन्तराष्ट्रिय मापदण्ड अनुसार स्तरोन्नति गर्ने एवम दुर्गम ग्रामिण लगायत सबै वर्ग क्षेत्र र तहका नागरिकलाई बीमा प्रति सुशुचित तुल्याउनु ।

## उदेश्य

क. बीमाका आवश्यकताहरू बुझ्न व्यक्तिहरूलाई आवश्यक बीमा ज्ञान र प्रविधिहरुको माध्यमबाट सरोकारवाला समग्र पक्षलाई सशक्त पार्नु,

ख. व्यवस्थित रूपमा बीमा प्रणालीमा स्थिरता हासिल गर्न सहजीकरण गर्न नेपाल बीमा प्राधिकरणका लागि बीमा साक्षरताको औपचारिक संरचना विकास गर्नु,

ग. बीमा साक्षरता प्रयासहरु तथा बीमा पहुँचबाट बीमा समावेशिकरणलाई बढावा दिनु,

घ. कुल ग्राहस्थ उत्पादनमा योगदान  मात्रै रहेको बीमा क्षेत्रको दायरा फराकिलो पार्नु,

ङ. समाजको ठुलो हिस्सामा बचत गर्ने क्षमताको कमी रहेको अवस्थामा बचत गर्ने बानीको बिकास गरी स्रोतको समुचित लगानी गर्नु,

च. बीमाको दायरा फराकिलो बनाई अधिकतम व्यक्ति र कारोबारलाई बीमाको दायरामा ल्याउनु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. बीमाको पहुँच समावेशिकरण तथा साक्षरता बढाउने | १. लक्षित वर्ग केन्द्रित बीमा साक्षरता अध्ययन सामग्रीको प्रयोग सुनिश्चित गरिनेछ । |
| | २. ग्रामिण तथा दुर्गम क्षेत्रमा बीमाको सेवाको उपलब्धता बढाइनेछ । |
| | ३. स्थानीय तह , विद्यालय, कलेज र अन्य क्षेत्रमा बीमा साक्षरता कार्यक्रम विकास गरिनेछ । |
| | ४. बीमा शिक्षा सम्बन्धी विभिन्न विषयलाई विद्यालयस्तरको पाठ्यक्रम विकास केन्द्रसग आवश्यक समन्वय गरिनेछ । |
| | ५. बीमाको वार्षिक कार्यक्रम अन्तर्गत विभिन्न उच्च माध्यमिक विद्यालयस्तरका विद्यार्थीलाई लक्षित गरी हरेक वर्ष विद्यार्थीसग बीमा कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ६. श्रव्यदृष्य सामग्री निर्माण गरी राष्ट्रियस्तरका टेलिभिजन र बीमाका आधिकारिक सामाजिक सञ्जालबाट प्रसारण गर्नुका साथै ती सामग्रीमार्फत बीमा सम्बन्धी विभिन्न विषयका बारेमा चेतना अभिवृद्धि गरिनेछ । |

| | |
|---|---|
| | ७. बीमा का विभिन्न सूचना जानकारी तथा बीमाका चेतनामुलक सामग्री प्रचारप्रसार गर्न आधिकारीक फेसबुक पेज यूट्युब च्यानल सञ्चालन गरिनेछ। |
| | ८. कृषि तथा लघुबीमाको दायरा विस्तार गरिनेछ। |
| | ९. बीमा कम्पनी र तिनका सहरकेन्द्रित सेवालाई ग्रामिण क्षेत्रसम्म विस्तार गर्ने व्यवस्था मिलाइनेछ। |
| | १०. बीमा जनचेतना अभिवृद्धि गर्न दुर्गम तथा ग्रामिण क्षेत्र समेटिने गरी जानकारीमुलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| १. बीमा चेतना ज्ञान र सीपको अभिवृद्धि गर्दै जिम्मेवार वित्तीय आचरण विकास गर्ने | १. बीमा सम्बन्धि मानिसलाई प्रयाप्त जानकारीका कमिका कारण साधनको अनुत्पादक क्षेत्रमा प्रयोग हुन सक्ने सम्भावना हुन नदिइनेछ। |
| | २. बीमा लाई आर्थिक सुरक्षा साथै दीर्घकालीन बचत र लगानीको उत्तम माध्यमको रुपमा स्थापित गरी छरिएर रहेको बचतलाई परिचालन गर्दै राष्ट्र निर्माणमा सहयोग गरिनेछ। |
| ३. बीमा सेवाका उपभोक्ताहरुको हित संरक्षण गर्ने | १. मागमा आधरित बीमा व्यवसाय सञ्चालन गरी उपभोक्ता हित संरक्षण गरिनेछ। |
| | २. बीमा प्रकृयामा सरलता तथा सिघ्रता ल्याउन आवश्यक कदम चालिनेछ। |
| ४. बीमा क्षेत्रमा प्रविधिको प्रयोग तथा अन्तर्राष्ट्रिय आवद्धता कायम गर्ने | **१.** बीमा सम्बन्धि नवीन अवधारणाको खोजी गर्दै त्यसलाई नेपालमा कार्यान्वयन गरीनेछ। |
| | २. डिजिटल वित्तीय साक्षरतालाई प्राथमिकताका साथ प्रवर्द्धन गरिनेछ। |
| | ३. डिजिटल बीमा सेवाहरूको बारेमा जागरूकता बढाइनेछ। |
| | १. अन्तर्राष्ट्रिय मापदण्ड तथा राष्ट्रिय आवश्यकता अनुरुप बीमा सेवाको स्तरमा अभिवृद्धि गरिनेछ। |
| | २. आधुनिक बीमा प्रविधिको प्रयोगलाई सरल सहज र प्रभावकारी बनाइनेछ। |
| ३. बीमाको साक्षरता बढाउन नियमन र सुपरिवेक्षण संरचना सुदृढ तुल्याउने | १. बीमा साक्षरताको लागि आवश्यक संस्थागत पूर्वाधार निर्माण गरिनेछ। |
| | २. बीमा साक्षरता कार्यक्रमको अनुगमनका लागि आधार निर्माण गरिनेछ। |
| | ३. बीमा प्राधिकरणको नियमन सुपरिवेक्षण र अनुगमन सम्बन्धि कार्यको प्रभावकारीता अभिवृद्धि गरिनेछ। |

## ३. बीमा साक्षरता क्षेत्र

यो रुपरेखा नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र प्राप्त बीमक, अभिकर्ता, सर्भेयर लगायतको बीमा साक्षरता गतिविधिमा प्रयोग गरिनेछ।

## ४. बीमा साक्षरता को वितरण

बीमा साक्षरता कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागि ग्राहकहरुको वर्गिकरण निम्नानुसार गरिएको छ।

१. नियमित आम्दानी प्राप्त गर्ने रोजगार,
२. निश्चित आम्दानी नभएका (कृषक, साना उद्यमी)
३. विद्यार्थी (माध्यमिक र उच्च माध्यमिक तहका विद्यार्थी)
४. महिला
५. युवा
६. सिमान्तकृत तथा न्यून आय भएका वर्ग

## ५. बीमा साक्षरता उपकरण

बीमा साक्षरता सम्बन्धी अध्ययन सामग्री सम्प्रेषण गर्दा आफ्ना सेवाको विज्ञापन गर्ने, संस्थाको ब्राण्डिंग गर्ने, व्यापारिक प्रयोजनले गर्ने नभई मूलत उपयोगी बीमा ज्ञान तथा सीप विकास गर्नेमा केन्द्रित हुनुपर्नेछ। यसरी प्रदान गर्ने बीमा ज्ञानका लागि देहाय बमोजिमका सामग्री उपयोग गर्न सकिनेछ।

क. वैयक्तिक/ व्यक्तिगत सञ्चार र परामर्श,
ख. पत्रपत्रिका,रेडियो तथा एफ.एम, टेलिभिजन पुस्तिका ( साधारण नेपाली तथा स्थानिय भाषामा),
ग. सामाजिक सञ्जाल,
घ. वेभसाईट, मोवाइल एप्लिकेशन,
ङ. प्रकाशनहरु, पम्पलेट बुकलेट हाते किताब गीत संगित कथा कविता निबन्ध आदी,
च. डिजिटल बोर्ड Caller Ring Back Tones ( CRBT),
छ. तालिम (पाठ्य सामग्री),
ज. अनलाइन पाठ्य सामग्री,
झ. सडक नाटक (सडक स्कुल र अन्य),
ञ. सेमिनार कार्यक्रम प्रशिक्षण कार्यक्रम,
ट. अन्य।

## ६. बीमा साक्षरता सम्बन्धी भुमिका तथा जिम्मेवारी

बीमा साक्षरता कार्यान्वयनको भूमिका सम्बन्धमा धेरै सरोकारवालाहरूको संलग्नताको माग गर्दछ। त्यस्तै, यस ढाँचाको कार्यान्वयनको लागि समान दृष्टिकोण को आवश्यकता छ। नेपाल बीमा प्राधिकरण, र बीमकको भूमिका र जिम्मेवारीको सूची स्पष्ट रुपमा तल उल्लेख गरिएको छ।

### क. नेपाल बीमा प्राधिकरणको जिम्मेवारी र भुमिका

१. **बीमा सम्बन्धि सामान्य देखि विशिष्ट ज्ञान सामग्रीको तयारी**,
२. बीमा साक्षरता कार्यक्रम सञ्चालन गरि बिमा सम्बन्धी जनचेता अभिबृद्धि गर्ने,
३. बिमा साक्षरता सम्बन्धी कार्यक्रमका लागि व्यक्ति तयार गर्न आवश्यक तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने,
४. बीमा साक्षरता कार्यक्रमहरुको अनुगमन र मुल्याङ्कन गर्ने,
५. विभिन्न बीमाका बिषयमा तालिम प्रदान गर्ने,
६. सम्बन्धित सरोकारवालाहरु सँग प्रभावकारी समन्वय गर्ने।

### ख. बीमा कम्पनीहरुको जिम्मेवारी तथा भुमिका

१. बीमा सम्बन्धि सामान्य देखि विशिष्ट ज्ञान सामग्रीको तयारी
२. बीमा साक्षरता सम्बन्धि आफुले सञ्चालन गरेका कार्यहरुको नेपाल बीमा प्राधिकरणमा रिपोर्टिङ गर्ने,
३. बीमकले बीमा साक्षरता कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रिय कार्यलयमा बीमा साक्षरता इकाई ( Insurance literacy unit वा कुनै इकाईलाई सोको जिम्मेवारी तोकिएको हुनुपर्नेछ।
४. बीमा साक्षरता सम्बन्धी योजना तथा कार्ययोजना तर्जुमा गर्दा आधारभूत रूपमा प्राधिकरण बाट जारी बीमा साक्षरता ढाचा २०८१ को पालना गर्नुपर्छ।
५. बीमा साक्षरता कार्यक्रम सञ्चालन गर्दा बिमा पहुँच कम भएका स्थानहरुलाई कम प्राथमिकता दिनुपर्छ।
६. बिमा साक्षरता सम्बन्धी कार्यक्रमका लागि व्यक्ती तयार गर्न बीमकका कर्मचारीलाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
७. बीमा साक्षरता सम्बन्धि अध्ययन सामग्री नियमित रुपमा समप्रेषण गर्नुपर्नेछ।
८. बीमकले बीमा साक्षरता सम्बन्धी आवधिक कार्ययोजना तयार गर्दा लक्षित वर्गको वित्तीय ज्ञान सिप मनोवृत्ति र व्यवहार परिवर्तनका लागि सैद्धान्तिक एवम व्हारिक पक्षहरुलाई समेट्नुपर्छ।
९. सर्वसाधारणले सहजै बुझ्नेगरी र सुचना पाउन सक्ने गरी आवश्यक संयन्त्रको विकास गर्नुपर्नेछ
१०. बीमा साक्षरता कार्यक्रमहरु व्वसाय विस्तार र व्यापारिक मनसायले नभई सामाजिक उत्तरदायित्वको भावनाले प्रेरित हुनुपर्नेछ।
११. बिमा साक्षरता सम्बन्धि कार्यक्रमहरू कुनै बिशेष भुगोल वा बिशेष वर्गमा मात्र केन्द्रित नभई संस्थाको कार्यक्षेत्र भित्रका सबै स्थान तथा सबै लक्षित समूहमा न्यायोचित ढंगले कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

१२. अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बीमा सेवाको गुणस्तर वृद्धि गर्ने ।

बिमा खरिद गर्ने निर्णयमा उमेर, सामग्री, अवस्था, शिक्षा, रोजगार अवस्था र बाल बच्चाहरु जस्तै अन्य कारकहरुका साथै बिमा सम्बन्धी साक्षरता (insurance literacy) पनि महत्त्वपूर्ण भूमिका खेल्दछ। बिमा सम्बन्धी साक्षरता भनेको व्यक्तिले बिमा सम्बन्धी आधारभूत जानकारी, बिमा योजनाहरुको कार्यक्षमता, र आफ्नो आवश्यकता अनुसार सही योजना चयन गर्न सक्ने क्षमता हो। जब व्यक्तिले बिमा सम्बन्धी पर्याप्त ज्ञान र जानकारी राख्दछन् । तब उनीहरु बिमा खरिद गर्दा थप सचेत, आत्मविश्वासी र सही निर्णय लिन सक्षम हुन्छन्। यसरी, बिमा सम्बन्धी साक्षरता नभएमा व्यक्तिले सही योजना छनोट गर्न नसक्ने, विभिन्न योजनाहरुको तुलना गर्न असमर्थ हुने, र गलत निर्णय गर्न सक्ने सम्भावना रहन्छ । अतःबिमा सम्बन्धी साक्षरता बढाउनु भनेको व्यक्तिगत तथा सामूहिक रुपमा बिमा सम्बन्धी सही निर्णय लिन सहयोग पुर्याउनु हो।